हाम्रो सरोकार, सुरक्षित वैदेशिक रोजगार

# वैदेशिक रोजगारीमा जाँदै हुनुहुन्छ ?




GOOD SHEPHERD INTERNATIONAL FOUNDATION NEPAL

MISEREOR
IHR HILFSWERK

## वैदेशिक रोजगारीमा जाँदै हुनुहुन्छ ?

**यदि त्यसो हो भने पक्कै पनि श्रम स्वीकृति लिनुभयो होला । श्रम स्वीकृतिका कागजात तपाईंका लागि महत्वपूर्ण हुन्छन् । त्यसैले, यी कागजातको एक/एक प्रति प्रतिलिपि (फोटोकपी) परिवारलाई छोड्न नबिर्सनु होला है !! यसो गर्नु भयो भने अप्ठेरो पर्दा मद्दत गर्न सहज हुन्छ ।**



- पासपोर्ट र भिसा,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृति,
- रोजगारदातासँगको करारपत्र,
- स्वास्थ्य परीक्षण गराएको प्रमाणपत्र,
- बिमा गराएको प्रमाणपत्र,
- कल्याणकारी कोषमा जम्मा गरेको रकमको रसिद वा भर्पाइ,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्र,
- सम्बन्धित वैदेशिक रोजगार कम्पनीसँग कुनै आर्थिक कारोबार गरेको भए त्यसको रसिद वा भर्पाइ ।

## रोजगारीका लागि गन्तव्य मुलुक पुगेपछि ख्याल राख्नुहोस् ।

- गन्तव्य मुलुकमा अप्ठेरो परेमा त्यहाँ रहेको नेपाली राजदूतावासमा सम्पर्क गर्नु पर्दछ ।
- विदेशमा कमाएको रकम सुरक्षित रूपमा नेपाल पठाउन बैंकमार्फत वा मनीट्रान्स्फरबाट पठाउन सकिन्छ । अनौपचारिक माध्यम (जस्तै हुन्डी, साथीभाइ आदि) बाट रकम पठाउनु हुँदैन ।
- गन्तव्य मुलुकको ट्राफिक नियमको बारेमा राम्रोसँग जानकारी लिएर जाँदा सडक दुर्घटना तथा मृत्यु हुनबाट बच्न सकिन्छ ।
- नेपालमा आफ्नो परिवारसँग निरन्तर सम्पर्कमा बस्नु पर्दछ ।

## तपाईलाई थाहा छ ? वैदेशिक रोजगारीका क्रममा मानव बेचबिखनमा समेत पर्ने जोखिम रहन्छ ।


**मानव बेचबिखन हुनका लागि तीन वटा तत्व हुनु जरुरी हुन्छ : कार्य, माध्यम र उद्देश्य ।**

**कार्य**
भर्ना, ओसारपसार, स्थानान्तरण, प्राप्ति वा सञ्चिति

⇒

**माध्यम**
धम्की, बल प्रयोग, करकाप, अपहरण,श्रम, लोभलालच, ललाइफकाइ वा गलत सूचना सम्प्रेषण, छल, शक्तिको दुरुपयोग, कमजोरी वा नाजुकताको दुरुपयोग, आर्थिक वा अन्यकारोबार तथा फाइदा वा अवसरको उपयोग

⇓



**उद्देश्य**
यौन शोषण, कसैलाई यौन कार्यमा प्रयोग गर्ने, बाधा तथा जबर्जस्ती श्रम, दासत्व वा त्यस्तै प्रकृतिका कार्यहरु, अङ्ग झिक्ने, आदि

## वैदेशिक रोजगारीमा मानव बेचबिखनको जोखिमका आधारहरू

- भर्ना प्रक्रिया पारदर्शी नहुनु, एजेन्टहरूको सिफारिसमा भर्ना हुनु,
- भिसा प्रयोजन बाहेक कानून विपरीत राहदानी (पासपोर्ट) नियन्त्रणमा लिनु,
- कामदारलाई काम तथा सेवा सुविधाका बारेमा गलत जानकारी दिनु,
- कामदारसँग कानून विपरीत भर्ना सेवाशुल्क लिनु, दोहोरो सम्झौता गर्नु वा गराउनु,
- कामदारलाई वैदेशिक रोजगारी प्रक्रियाका लागि ऋण सापटी प्रदान गर्नु र नियन्त्रणमा राख्नु,
- नेपालबाहेक अन्य राष्ट्रको विमानस्थल र यातायातमार्ग प्रयोग गर्नु वा गराउनु ।

**श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारहरू वैदेशिक रोजगारीका सिलसिलामा बिरामी वा अंगभंग भएमा कामदारलाई तथा मृत्यु भएमा मृतक कामदारको नजिकका हकवालालाई वैदेशिक रोजगार बोर्डले आर्थिक सहायता प्रदान जस्ता विभिन्न कल्याणकारी कार्यहरू गर्दछ ।**

## वैदेशिक रोजगार बोर्डका कल्याणकारी कार्यहरू

### ▶ मृतकको शव नेपाल झिकाउने

बोर्ड सचिवालय वा कन्सुलर सेवा विभागमा, स्थानीय तह वा सूचना तथा परामर्श केन्द्र (MRC) मध्ये आफुलाई पायक पर्ने कार्यालयमा गई तोकिएको ढाँचामा उल्लेखित कागजात सहित निवेदन पेश गर्नु पर्दछ । निवेदन प्राप्त भएपछि बोर्ड सचिवालयले सम्बन्धित देशमा रहेको दूतावास र नियोगसँग समन्वयगरी शव नेपाल ल्याउन पहल गर्नेछ ।

**• आवश्यक कागजात**

निवेदन, निवेदकको नागरिकताको प्रतिलिपि/परिचय खुल्ने कागजपत्र, कामदारको पासपोर्टको प्रतिलिपि ।

### ▶ मृतक कामदारको नजिकका हकवालालाई आर्थिक सहायता प्रदान

आवश्यक कागजात साथ स्थानीय तह मार्फत वा बोर्ड सचिवालयमा हकवालाले निवेदन दिनुपर्ने, र प्राप्त निवेदन तहगत रुपमा चेक जाँचगरी बोर्ड सचिवालयले बैंक खातामा आर्थिक सहायता रकम सिधै जम्मा गर्नेछ ।

**• आवश्यक कागजात**

मृतकको पासपोर्टको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, विदेश स्थित नेपाली दूतावास/अस्पतालको मृत्युको प्रमाण र प्रज्ञापनपत्र । विदेशमा मृत्यु भएको हकमा, स्थानीय तहबाट जारी भएको मृत्यु दर्ता प्रमाणपत्र, र हकवालाको फोटो सहितको किटानी सिफारिस, कुनै घटनाको कारण मृत्यु भएकोमा प्रहरी प्रशासनको रोहबरमा भएको सर्जमिन मुचुल्का, हकवालाको नागरिकता/नाता प्रमाणपत्रको प्रतिलिपि, अविवाहित प्रमाणपत्रको प्रतिलिपि (यदि अविवाहित भएमा) हकवालाले सम्बन्धबिच्छेद गरेको भएमा अदालतको पत्र, 'क' वर्गको वाणिज्य बैंकको खाता नम्बर प्रमाणित हुने कागजात ।

### ▶ बिरामी वा अंगभंग भएमा पाउने आर्थिक सहायता

- स्थानीय तह मार्फत वा बोर्ड सचिवालयमा कामदारले निवेदन दिनुपर्ने,
- बिरामीको बाहिरी देखिने रोगको अवस्था अनुसार आर्थिक सहायता बोर्ड सचिवालयले उपलब्ध गराउने,
- नदेखिने र भित्री रोगका सम्बन्धमा विशेषज्ञ समितिमा पेश गरिने र समितिको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराउने।

**• आवश्यक कागजात:**

- गन्तव्य देशमा अंगभंग/बिरामीको प्रमाण (अस्पताल रिपोर्ट/दूतावास आदि)
- कामदारको पासपोर्ट,
- पासपोर्टमा प्रस्थान/आगमनको छाप,
- नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालमा जाँच गरेको पछिल्लो मेडिकल रिपोर्ट,
- कामदार अंगभंग भएको स्पष्ट देखिने रंगिन फोटो,
- 'क' वर्गको वाणिज्य बैंकको खाता नं. प्रमाणित हुने कागजात।

### ▶ छात्रवृत्ति सहायता

- १००% आर्थिक सहायता पाउने कामदार वा हकदारका (१८ वर्ष मुनिका, नर्सरी देखि १२ कक्षासम्म) छोरा छोरीको लागि छात्रवृति सहायता उपलब्ध गराउन बोर्ड सचिवालयले हरेक वर्ष सूचना प्रकाशन गर्नेछ,
- छात्रवृतिका लागि सम्बन्धित विद्यार्थीले आफू आध्ययन गरेको विद्यालयमा निवेदन दिनुपर्ने,
- सम्बन्धित विद्यालयले शिक्षा विकास तथा समन्वय इकाई मार्फत बोर्ड सचिवालयमा निवेदन पठाउने,
- प्राप्त निवेदन चेकजाँच गरी बोर्ड सचिवालयले शिक्षा विकास तथा समन्वय इकाई मार्फत छात्रवृत्ति सहायता रकम उपलब्ध गराउने।

**• आवश्यक कागजात**

- पासपोर्टको प्रतिलिपि,
- आभिभावकको नागरिकताको प्रतिलिपि,
- मृत्युदर्ताको प्रमाणपत्र/अंगभंग/गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणको प्रतिलिपि,
- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
- विद्यालयको सिफारिस।

सबैले बुझिराखौं, वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने आर्थिक सहायताका लागि आवश्यक कागजात संलग्नगरी स्थानीय तह मार्फत पनि निवेदन दिन सकिन्छ। यसका लागि बोर्डको सचिवालय, काठमाडौंमा आइराख्नु पर्दैन।

**वैदेशिक रोजगारीमा मानव बेचबिखनको जोखिम कम गर्न र यसबाट बच्न सचेत भई सम्पूर्ण जानकारी र सावधानी आपनाएर मात्रै वैदेशिक रोजगारमा जाऔं !**

**समस्यामा परे वा केही सोध्नु परेमा यी फोन नम्बरमा सम्पर्क गर्नु होला।**

**मानव बेचबिखन अनुसन्धान ब्यूरो:**
फोन नं: ११७७,१६६००१४११७७

**वैदेशिक रोजगार बोर्ड, आप्रवासन सूचना केन्द्र :**
फोन नं: १६६००१५०००५

**राष्ट्रिय मानव अधिकार आयोगको हटलाइन :**
फोन नं: ०१-५०१००१५

**प्रहरी सेवा :**
फोन नं: १०० र १११३

**बाल हेल्पलाईन नेपाल :**
फोन नं:१०९८

**बालबालिका खोजतलास समन्वय केन्द्र :**
फोन नं:१०४



Font Press


## सुरक्षित आप्रवासनका लागि राष्ट्रिय संजाल

**अनामनगर, काठमाडौं**

**फोन नं : ९८६९८०५५५५**


[ सुरक्षित आप्रवासनको लागि राष्ट्रिय संजाल आप्रवासनको क्षेत्रमा काम गर्ने ३२ वटा संस्थाको छाता संगठन हो। यस संस्थाले आप्रवासनलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन पहल पैरवी गर्दै आईरहेको छ। ]